मिति २०८१।०४।२३ गते दिनको ०९:३० बजे यस इस्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री भगत सिंह खड्का ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहायबमोजिम उपस्थिति रहि तपशिलका प्रस्तावहरु उपर छलफल गरि निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भगत सिंह खड्का | अध्यक्ष | | |
| २ | श्री पार्वती कुँवर | उपाध्यक्ष | | |
| ३ | श्री शेर बहादुर कुँवर | सदस्य | | |
| ४ | श्री लोकनाथ आचार्य | सदस्य | | |
| ५ | श्री ज्योतिराज कुँवर | सदस्य | | |
| ६ | श्री राजु बस्नेत | सदस्य | | |
| ७ | श्री झविन्द्र अर्याल | सदस्य | | |
| ८ | श्री ढाल बहादुर कुँवर | सदस्य | | |
| ९ | श्री रेनुका विष्ट क्षेत्री | सदस्य | | |
| १० | श्री सुनिता विश्वकर्मा | सदस्य | | |
| ११ | श्री डोल बहादुर सार्की | सदस्य | | |
| १२ | श्री टिका कुमारी घर्ती (कुँवर) | सदस्य | | |
| १३ | श्री बसन्त सुनार | सदस्य | | |
| १४ | श्री खगिसरा पोखेल | सदस्य | | |
| १५ | दिनेश सारु | सदस्य सचिव | | |
| अन्य उपस्थिति | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ :आ.व. २०८०।०८१ को बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. २ : अन्य विविध ।

Scanned with CamScanner

निर्णयहरुः

निर्णय नं १ : प्रस्ताव नं १ माथि छलफल गर्दा यस इस्मा गाउँपालिका गाउँकार्यपालिकाको आ.व. २०८०।०८१ को बार्षिक प्रगती समिक्षा मिति २०८१।०४।२५ गते गर्ने र सम्पूर्ण शाखाहरुले आ आफ्नो शाखाको प्रगती प्रतिवेदन तयार गरि प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं २ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियो ।

क. यस इस्मा गाउँपालिका गाउँसभाबाट विभिन्न योजना तथा कार्यक्रमहरुमा लागत साझेदारी गर्ने गरि विनियोजित तथा व्यवस्था गरिएको समपूरक कोषको रकमबाट निम्नानुसार हुने गरि लागत साझेदारी गरि योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

- जैढुंगा वि पि पार्क – रु.३० लाख रुपैयाँ ।
- इस्माकोट पर्यटकीय पूर्वाधार – रु.१० लाख रुपैयाँ ।
- २ नं स्वास्थ्य चौकी - रु. २० लाख रुपैयाँ ।

ख. यस इस्मा गाउँपालिकाको ***अपांगता भएका व्याक्तिको परिचयपत्र वितरण कार्यविधी,२०७५*** को परिच्छेद ३ को दफा ६ को उपदफा १(ख) मा *"गाउँपालिकाको महिला सदस्य मध्येबाट गाउँपालिकाले तोकेको महिला सदस्य "* भन्ने वाक्यांश हटाइ *"गाउँकार्यपालिकाको महिला सदस्य मध्येबाट गाउँकार्यपालिकाले तोकेको महिला सदस्य"* वाक्यांश राख्ने सर्वसम्मत निर्णय गरियो ।

ग. यस इस्मा गाउँपालिकामा कार्यरत सवारी चालकहरु (ब्याक हु लोडर बाहेक) को लागि राशन भत्ता स्वरुप मासिक रु.५,०००।०० पाँच हजार रुपैयाँ मात्र उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

घ. यस इस्मा गाउँपालिकाको ***टोल विकास संस्था(गठन तथा परिचालन) कार्यविधी,२०७९*** को परिच्छेद-२ को दफा ३ को उपदफा ६ मा *"अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष र सचिवको पदमा एक कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।"* भन्ने बाक्याश हटाई ***"अध्यक्ष बाहेक उपाध्यक्ष,कोषाध्यक्ष र सचिवको पदमा एक कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।"*** भन्ने बाक्यांश कायम गर्ने निर्णय गरियो ।

र सो लगत्तै

***"माथि जुनसुकै कुरा लेखिए तापनि बिशेष परिस्थति सिर्जना भई अध्यक्ष समेत नयाँ पुर्नगठन हुन नसकेको अवस्थामा टोल विकास संस्थाको आमभेला बाट गठन भएको समितिलाई नै पुर्नगठित समिति मान्न बाधा पर्ने छैन "।*** भनी बाक्यांश थप गर्ने निर्णय गरियो ।

ङ. यस इस्मा गाउँपालिकामा बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत ब्याक हु लोडर खरिद गर्नु पर्ने भएको हुँदा प्रमाण पत्र प्राप्त रजिष्टर्ड मेकानिकल इन्जिनियरसँग खरिद कार्यमा सिमितता नहुने तथा प्रतिस्पर्धा कायम हुने गरि प्राविधिक सहयोग माग गरि स्पेशिफिकेशन तथा प्राविधिक मूल्याकन गराउने सर्वसम्मत निर्णय गरियो ।